# जयपृथ्वी नगरपालिका

## शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धि कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०-०१-१०

प्रस्तावनाः

जयपृथ्वी नगरपालिका भित्रका सबै बालवालिकाहरुलाई अनिवार्य तथा निःशुल्क गुणस्तरिय शिक्षा प्रदान गर्न प्रारम्भिक वालविकास केन्द्र देखि माध्यामिक तह सम्मका विद्यालयहरुलाई व्यवस्थित गरेर आवश्यकताका आधारमा एक आपसमा समायोजन गरेर विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गरी दरबन्दि मिलान कार्यलाई समेत व्यवस्थित रुपमा अगाडी बढाइ विद्यालय शिक्षामा बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक कार्यक्रम प्रभावकारी एवम व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ले दिएको अधिकार प्रयोग गरि जयपृथ्वी नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ।

परिच्छेद-१ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धि कार्यवविधि, २०७९"** रहेको छ।

(२) यो कार्यविधि जयपृथ्वी नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयको हकमा लागु हुनेछ।

(३) यो निर्देशिका जयपृथ्वी नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले शिक्षा ऐन २०२८ संशोधन सहित सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ।

(ग) "कार्यविधि" भन्नाले शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) सम्बन्धि कार्यविधि २०७६ र सार्वजनिक विद्यालय समायोजन एवम एकिकरण कार्यक्रम कर्यान्वयन कार्यविधि, २०७७ सम्झनु पर्दछ।

(घ) "शिक्षा नियमावली" भन्नाले शिक्षा नियमावली, २०५९ संशोधन सहित सम्झनु पर्दछ।

(ङ) "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्दछ र सो शब्दले राहात अनुदानलाई समेत जनाउँदछ।प

(च) "नगरपालिका" भन्नाले जयपृथ्वी नगरपालिका सम्झनु पर्दछ।

(छ) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिइ सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ।

(ज) "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षक सम्झनु पर्छ।

(झ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले प्रचलित कानुन बमोजिम विद्यालय व्यवस्थापन तथा सञ्चालन गर्न गठित समिति सम्झनु पर्छ।

(ञ) **"विद्यालय समायोजन" भन्नाले** भौगोलिक दुरीको कारण शिक्षामा बालबालिकाको पहुँच कम हुन नदिइ प्रत्येक व्यक्तिले प्रचलित कानुन बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा पाउने हकको संरक्षणलाई सुनिश्चितता गरि दुई वा दुई भन्दा बढी विद्यालय वा विद्यालयका तह घटाइ वा कक्षा आपसमा गाभेर वा विद्यालय बन्द समेत गरि सार्वजनिक विद्यालय समायोजन गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ट) "दरबन्दी मिलान" भन्नाले विद्यालय समायोजन भइ सकेपछि वा समायोजन नहुदै विद्यार्थी सङख्याको आधारमा शिक्षक अनुपात मिलाउन शिक्षक दरबन्दी पुनःवितरण गर्ने कर्यलाई बुझिन्छ।

**परिच्छेद - २**

**शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था**

२. **<u>शिक्षक दरबन्दी मिलानः</u>** शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिनेछः

(क) दरबन्दी मिलान भन्नाले विद्यार्थी संख्या कम भइ विद्यालय समायोजन भएका र यस कार्यविधिको कार्यान्वयन हुनु भन्दा अघि र पछि शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरवन्दी नभएका विद्यालयहरुमा व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्दछ।

(ख) नियमावलीले हिमाल पहाड तथा तराईको लागि कायम गरेको शिक्षक विद्यार्थी अनुपात र सो नियमावलीको अनुसूचि १२ मा उल्लेख भएको विद्यालयमा रहनु पर्ने दरबन्दीको आधारमा शैक्षिक तथ्याङ्क व्यवस्थापन प्रणालीमा प्रविष्ट गरिएको तथा दरबन्दी मिलान समितिले विद्यालयमा उपस्थित भएर ल्याएको विद्यार्थी विवरणको आधार लिने,

(ग) दरबन्दी मिलान गर्दा विद्यालयको भौगोलिक अवस्था, एक विद्यालय देखि अर्को विद्यालय सम्मको दुरी विद्यार्थी सङख्या र शिक्षक सङख्याको ख्याल गरि मिलान गरिने छ।

(घ) दरबन्दी मिलान तथा पुर्नवितरण गर्दा कुनै विद्यालयमा विद्यार्थी सङख्या अभाव भइ शिक्षक परिचालन गर्दा नगर शिक्षा समितिको निर्णय गराइ सूचना प्रकाशित गरिने छ, शिक्षक स्वतस्फुर्त मलाई यो विद्यालय जान पायक पर्छ भनि शिक्षा शाखामा निवेदन दिएमा उक्त कुरालाई मनन गरि पायक पर्ने विद्यालयमा प्रयाप्त विद्यार्थी सङख्या र शिक्षक अभाव भएमा सोहि विद्यालयमा पठाइने छ र शिक्षकको पायक पर्ने विद्यालय नभए शिक्षक नियुक्तिको आधारमा कनिष्टता आधारमा नगरपालिका भित्रका विद्यार्थी सङख्या भएका विद्यालयको सूचि प्रकाशित गरि छनौट गर्न लगाइ नगरपालिका भरि सकभर पायक पर्ने र नभए जहाँसुकै ठाउँमा पनि गएर अध्यापन गराउनु पर्नेछ।

(ङ) यदि कुनै विद्यालयमा माथिल्लो तहका दरबन्दी अपुग भएको अवस्थामा योग्यता पुगेका शिक्षकलाई त्यस्तो विद्यालयमा पठाइ शिक्षण सिकाइमा सहयोग गर्ने।

(च) दरबन्दी मिलान र पुर्नवितरण गर्दा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिदै गुणस्तरिय शिक्षा प्रवद्धनमा जोड दिन विद्यालयमा बढी भएका शिक्षक नगरपालिका भरि मिलान र पुर्नवितरण गर्ने।

(छ) उपरोक्त बुँदाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका भित्रका सामुदायिक विद्यालयमा दरबन्दि मिलान तथा समायोजन गर्दा नगरपालिकाको निर्णय अनुसार नगरपालिकाका जुनसुकै विद्यालयमा गएर पनि शिक्षण गर्नु पर्नेछ।

(ज) विद्यालयगत एवम तहगतरुपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरुः

अ. आधारभूततह कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१.भौगोलिक विकटताका आधारमा विद्यालय स्थापना गर्नुपर्ने अवस्थामा विद्यालयमा २० जना विद्यार्थी भएमा १ दरबन्दि कायम गर्ने।

२. विद्यार्थी सङख्या २१ देखि ५० जना सम्म भएमा २ दरबन्दि सम्म (स्वीकृत स्थायी वा राहात) कायम गर्ने।

३. विद्यालयमा ५१ वा सो भन्दा वढी विद्यार्थी भएमा ३ दरबन्दी कायम गर्ने तर १५० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी प्रदान नगर्ने सो भन्दा माथी विद्यार्थी भएमा कक्षागत विद्यार्थीको आधारमा शिक्षक थप गर्दा ५० को ४० प्रतिशत अर्थात विद्यार्थी सङख्या ७१ जना भएमा थप शिक्षक प्रदान गर्ने।

४. उपरोक्त बुदामा जुनसुकै कुरा लेखिएको भएता पनि आधारभूत तह कक्षा १-३ सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा १ बालकक्षा र २ जना शिक्षक उपलब्ध गराइनेछ र विद्यार्थी सङख्याको आधारमा शिक्षक थप गर्न सकिनेछ।

आ. आधारभूत तह (कक्षा १-५) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा।

१. विद्यालय समायोजन पश्चात विद्यालय स्थापना गर्ने वाध्यता भएमा ३० जना भन्दा न्यून विद्यार्थि भएमा २ जना सम्म दरबन्दी सम्म (स्वीकृत स्थायी वा राहात) कायम गर्ने।

२. न्युनतम विद्यार्थी सङख्या ३१ देखि ८० जना सम्म भएमा ३ जना सम्म (स्वीकृत स्थायी वा राहात) कायम गर्ने।

३. विद्यालयमा विद्यार्थी सङख्या ८१ देखि १२० जना सम्म भएमा ४ जना सम्म (स्वीकृत स्थायी वा राहात) कायम गर्ने।

४. विद्यालयमा विद्यार्थी सङख्या १२१ जना वा सो भन्दा वढी भएमा ५ जना शिक्षक दरबन्दि कायम गर्ने र २५० जना विद्यार्थी नपुगे सम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक दरबन्दी नहुने।त्यो भन्दा पनि विद्यार्थी सङख्या भएमा सेक्सनको आधारमा शिक्षक दरबन्दि उपलब्ध गराउने।

५. शिक्षक दरबन्दी थपघट हुदा आधारभूत तह (कक्षा १-५) मा शिक्षा नियमावली अनुसार महिला शिक्षकको दरबन्दीमा महिला शिक्षक नै व्यवस्थापन हुने गरि दरबन्दी मिलान गर्ने।

इ. आधारभूत तह कक्षा ६-८ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१. कक्षा १-८ सञ्चालनमा भएका विद्यालयमा प्राथमिक तहमा न्यूनतम ५ वटा दरबन्दी र कक्षा ६-८ का विद्यार्थी अधिकतम १०० जना सम्म भएमा ३ जना र १०१ देखि २०० सम्म विद्यार्थी भएमा ४ जना हुने व्यवस्था गरिनेछ।

२. विद्यार्थी सङख्या न्यून भएको अवस्थामा विद्यालय स्तर घटाउदा विद्यालयमा कायम रहेका स्थायी दरबन्दि तथा राहात दरबन्दीहरु विद्यार्थी सङख्या बढी भएको विद्यालयमा समायोजन गरिनेछ।

ई. माध्यामिक विद्यालयको सम्बन्धमा आधारभूततहको विद्यालय समायोजन पश्चात निरन्तर समायोजन गरिनेछ।

परिच्छेद-३ विद्यालय समायोजनका आधारहरुः

१. विद्यार्थीहरुले गुणस्तरिय शिक्षा पाउनु पर्ने अधिकारलाई मध्यनजर गर्दै देहायका आधारमा सामुदायिक विद्यालय गाभ्न वा घटाउने सम्बन्धमा निर्णय लिइनेछ।

(क) दुई वा दुई भन्दा बढी विद्यालयको पर्खाल एक आपसमा जोडीएको भएमा।

(ख) दुई वा दुई भन्दा बढी विद्यालयको पैदल दुरी ३० मिनेट भन्दा कम भएमा।

(ग) कुनै विद्यालयमा देहायका विद्यार्थी सङख्या नरहेमा त्यस्तो विद्यालयलाई समायोजन वा कक्षा घटाइनेछ।

| क्रस | बाकक्षा | कक्षा १-३ | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ |
|---|---|---|---|---|---|---|
| १ | २५ | ३० | ५० | ५५ | ४५ | ५० |

तर नजिकको दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै वस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय र दुरी आधा घण्टा भन्दा कम भएको र न्यूनतम विद्यार्थी सङख्या नभए पनि विद्यालय गाभ्न बाध्य पारिने छैन।

(घ) जनसङख्याः स्थानीय तहको तथ्याङ्कका आधारमा विद्यालय रहेको

(ङ) समुदायको घरधुरी सङख्या कम भएका र जनसङख्या वृद्धिदर न्युन भएको समुदायमा अवस्थिति विद्यालयहरु,

(च) विद्यालयको स्तर वृद्धिः विद्यालयको स्तर वृद्धिको लागि आवश्यक विद्यार्थी सङ्ख्या, भौतिक अवस्था र समुदायको पर्याप्त सहयोग प्राप्त हुन नसकि विद्यार्थी, शिक्षक तथा विद्यालयहरु विचको प्रतिस्पर्धात्मकता सिर्जना हुन नसकेका विद्यालयहरु

(छ) विद्यालय तह घटाउन तथा आपसमा गाभ्न तपसिलको आधारहरु लिइनेछः

अ. यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयहरु मध्ये एक विद्यालय अर्को विद्यालयको नजिरको दुरीमा रहेर सिमित जनसङख्यालाई सेवा पुर्याएका तर आधारभूत विद्यालय ( कक्षा १-३ वा कक्षा १-५ र कक्षा १-८) का रुपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरु पनि पुरा हुन नसक्ने

विद्यालयलाई नजिकको विद्यालयसँग गाभी वा तह घटाइ सञ्चालनमा ल्याइनेछ।

आ. एक विद्यालय देखि अर्को विद्यालयको दुरी पैदल यात्रा ३० मिनेट सम्म भएमा विद्यालय एकआपसमा गाभिनेछन। तर समुदायको संलग्नता प्रयाप्त भइ शिक्षक संख्या भएका र विद्यार्थीको सिकाइ कायम गरिरहेका विद्यालयलाई पहिलो पटकलाई सञ्चालन गर्न दिने आगामी वर्ष सिकाइ तथा अभिभावकको संलग्नता कायम गर्न नसकेमा विद्यालय स्वतः तह घटाइने वा अर्को विद्यालयमा गाभिनेछ।

इ. विद्यालयको तह घटाउदा एउटा टोल वा गाँउमा एक मात्र मावि तथा आवि भएमा उक्त समुदायमा विद्यालय रहने छ तर विद्यार्थी सङ्ख्या, शिक्षकको प्रयाप्तता, समुदायको संलग्नता. विद्यार्थीको सिकाइ उपलब्धि आदिको आधारमा विद्यालयको तह घटाउने तथा नजिकको विद्यालयमा गाभ्न सकिनेछ।

ई. आधारभूत कक्षा १-८ सम्म सञ्चालन भएको विद्यालय समायोजन तथा कक्षा घटाउदा कक्षा ६-८ सम्म सञ्चालन भएको विद्यालयमा कम्तिमा ५५ जना विद्यार्थी नभएमा तह घटाइनेछ तर कक्षा १-८ सम्म सञ्चालन गर्न कम्तिमा १६० जना विद्यार्थी भएको हुनुपर्नेछ।भौगोलिक रुपमा नजिक दुइ विद्यालय सञ्चालन भएका भए विद्यार्थी सङख्या बढि भएको विद्यालय राखी नजिकको कम विद्यार्थी भएको विद्यालयको कक्षा घटाइनेछ। तह घटाइ सकेको विद्यालयले आफ्नो तरिकाबाट सञ्चालन गर्छु भनि सञ्चालन गरेमा नगरपालिकाबाट कुनै पनि सेवा सुविधा उपलब्ध गराइने छैन।

उ. एउटै टोल वा समुदायमा दुई वा दुई भन्दा बढी आधारभूत विद्यालय कक्षा १-८ सम्म, कक्षा १-५ सम्म र कक्षा १-३ सम्मका विद्यालयहरुमा शिक्षक सङख्या नभएमा, विद्यार्थी सङख्या न्युन भएमा, भौतिक निर्माण कमजोर रहेकोलाई विद्यार्थी सङख्या, शिक्षक सङख्या र भौतिकरुपमा सम्पन्न विद्यालयमा समायोजन गरिनेछ र आवश्यकताका आधारमा तह घटाइनेछ।

ऊ. विद्यार्थी सङख्या प्रयाप्त भएता पनि एक विद्यालय देखि अर्को विद्यालयको दुरी ३० मिनेट सम्म छ भने विद्यालय स्वतः समायोजन हुनेछ। तर बालकक्षा राख्न परेमा बालकक्षामा २० जनाको दरले विद्यार्थी हुनुपर्नेछ।

ऋ. विद्यालयको तह घटाउदा कक्षा १-८ को विद्यालय सञ्चालनमा रहेको विद्यालयलाई पहिलो पल्ट एक तह घटाइ आधारभूत तह कक्षा १-५ सम्म कायम गरिनेछ र आधारभूत तह कक्षा १-५ सञ्चालन गर्न विद्यार्थी सङख्या ५५ जना हुनुपर्नेछ। यदि अर्को वर्ष पनि विद्यार्थी सङख्या बढाउन तथा

सिकाइ उपलब्धि बृद्धि गर्न सकेन भने विद्यालय स्वतः तल्लो तहमा घटुवा हुनेछ।

ऌ. उपरोक्त वुदामा जेसुकै भनेता पनि यदि कक्षा १-८, कक्षा १-५ र कक्षा १-३ सम्म सञ्चालन भएको विद्यालयमा उपयुक्त विद्यार्थी संख्या, भौगोलिक रुपमा नजिक भएमा विद्यालयलाई पुरै समायोजन पनि गर्न सकिनेछ।

ऍ. विद्यालय समायोजन तथा दरबन्दि मिलान पश्चात सञ्चालित विद्यालयले शैक्षिक गुणस्तर सुधार गरेको आधार दिएमा वा प्राप्त भएमा कक्षा थप निरन्तर गरिनेछ। तर सञ्चालित विद्यालयमा सन्तोषजन पठन पाठन भएन र अभिभावकहरुको संलग्नता कम भएमा सो विद्यालय समायोजन तथा तह घटाइनेछ।

२) विद्यालय समायोजन एवम एकिकरण गरि नयाँ विद्यालयका सञ्चालन गर्न आधारभूत पूर्वाधार सम्बन्धि व्यवस्थाः

दुई वा दुई भन्दा बढी विद्यालयहरु समायोजन भइ स्थापना हुन जाने विद्यालयको शैक्षिक,भौतिक, आवश्यक शिक्षक संख्या तथा अन्य व्यवस्थापकिय पक्षहहरुको आधारभूत पूर्वाधार विकास गर्ने प्रतिवद्धता सहितको योजना तथा वजेट व्यवस्थापनको सुनिश्चितताको लागि देहायका पूर्वाधारहरु पुरा गर्नुपर्नेछ।

क) सामान्यतया ९ फिट उचाइ र घाम तथा पानीबाट बचावट हुने , हावा र प्रकाशको उचित व्यवस्था भएको, कक्षागत र विद्यार्थी सङख्याको आधारमा सेक्सन खोल्नु पर्ने भए सोको लागि समेत पर्याप्त सङख्यामा कक्षाकोठाको उपलब्धता हुनुपर्ने,

ख) कक्षागत क्षेत्रफल न्यूनतममा पनि पूर्व प्राथमिक र प्राथमिक विद्याललयको हकमा ०.७५ वर्ग मिटर तथा आधारभूत तह कक्षा ६-८ र माध्यामिक तहको लागि १ वर्ग मिटर हुनुपर्नेछ।

ग) विद्यार्थी सङख्याको अनुपातमा सरल र सहजरुपमा विद्यार्थी वस्न मिल्ने फर्निचरको पर्याप्त व्यवस्था हुनुपर्ने।

घ) शुद्ध पिउने पानी तथा सरसफाइका लागि पर्याप्त पानीको प्रवन्ध भएको हुनुपर्नेछ।

ङ) छात्र छात्राका लागि सहज रुपमा प्रयोग गर्न सकिने खालका अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने।

च) शिक्षण क्रियाकलापको लागि आवश्यकिय शैक्षिक सामग्रीहरु जस्तै कालोपाटी, नक्सा, ग्लोब, गणितिय सामग्री आदिको प्रबन्ध भएको हुनुपर्ने।

छ) सम्पूर्ण विद्यार्थीहरुको लागि एकै साथ उभिने सक्ने कम्पाउण्ड हुनुपर्ने,

ज) अतिरिक्त क्रियाकलाप सहकार्यकलाप तथा खेलकुदको लागि भलिबल खेल्न मिल्ने सम्मको खेलमैदान सहितको खेल सामग्रीको व्यवस्था हुनुपर्ने,

झ) विज्ञान शिक्षणको लागि अत्यावश्यक विज्ञान प्रयोगशाला र उपयुक्त विज्ञान सामग्रीको व्यवस्था भएको हुनुपर्ने,

ञ) सामुदायिक विद्यालयमा प्रचलित कानुन बमोजिम विद्यार्थी संख्या भएको हुनुपर्ने,

ट) शिक्षा ऐन तथा नियमावलीले तोकेबमोजिम तहगत तथा विषयगत शिक्षकको व्यवस्था हुनुपर्ने।

**परिच्छेद -४**

**कार्यक्रम कार्यान्वयनका लागि निकायगत भूमिकाः** कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध निकायको भुमिका देहाय बमोजिम हुनेछः

क) नगरपालिकाको भुमिकाः

१. विद्यालय समायोजन गर्ने आधारहरु समेतलाई अध्ययन गरि आफ्नो स्थानीय तह भित्र समायोजन हुन सक्ने विद्यालयहरुको पहिचान गर्ने,

२. विद्यालयको वास्तविक तथ्याङ्क तथा वस्तुस्थितिका आधारमा विद्यालय समायोजन सम्बन्धि कार्यक्रम तय गर्ने,

३. स्वीकृत मापदण्ड तथा कार्यविधि अनुसार निर्धारित प्रक्रिया अबलम्बन गरि विद्यालय समायोजन गर्ने,

४. समायोजन भएका विद्यालयहरुको भौतिक, शैक्षिक तथा अन्य व्यवस्थापकिय सुधारका लागि आवश्यक कार्य गर्ने तथा समायोजन पश्चातका गतिविधिहरुको अनुगमन गरि आवश्यक पृष्टपोषण प्रदान गर्ने।

५. विद्यार्थी, शिक्षक तथा कर्मचारी सङख्या न्युन रहेको विद्यालयले समायोजन तथा एकिकरण गर्न नचाहेमा नगरपालिकाले वडा कार्यालयको संयोजकत्वमा विद्यालय व्यवस्थापन समिति शिक्षक तथा अभिभावकहरुसँग छलफल तथा अन्तर्क्रिया गरि विद्यालय समायोजन तथा एकिकरण गर्न निर्देशन दिइ विद्यालय समायोजन, एकिकरण तथा कक्षा घटाउन सकिनेछ।

६. अन्य विद्यालयमा समायोजित भएका विद्यालयको भौतिक सम्पत्ति समायोजन पछि बन्ने विद्यालयले आवश्यकतानुसार प्रारम्भिक बालविकास सहितका प्रारम्भिक कक्षा सञ्चालन, पुस्तकालय, प्रयोगशाला,खेलमैदान,छात्रावास, विद्यालय प्रशासनिक कार्य सञ्चालन जस्ता कार्यमा उपयोग गर्ने गरि भोगचलन गर्ने व्यवस्था मिलाउनु पर्ने। सामुदायिक सिकाइ केन्द्र, सामुदायिक पुस्तकालय सञ्चालनमा उपयोग गर्न सकिनेछ। तर व्यापार व्यवसाय गरि आय आर्जन गर्ने प्रयोजनका लागि यस्ता भौतिक संरचनाहरु प्रयोग गर्न पाइने छैन तर प्रयोग गर्नु पर्ने अवस्था आए स्थानीय तहको अनुमति लिनु अनिवार्य हुनेछ।

ख) वडा कार्यालयको भूमिकाः

- वडा भित्रका विद्यालय व्यवस्थापन समित, अभिभावक तथा सरोकारवाला पक्षहरुसँग छलफल तथा अन्तर्क्रिया गरि समायोजन पछिको अवस्थाको बारेमा जानकारी गराइ समायोजनमा जाने निर्णय लिने।

- समायोजन भएको विद्यालयको भौतिक पक्षको व्यवस्थापन के कसरी गर्न सकिन्छ विकल्पहरु पहिचान गरि उपयुक्त विकल्प छनौट गर्ने।
- समायोजित विद्यालयको सम्पत्ति सुरक्षा तथा व्यवस्थान गर्ने।
- विद्यालय समायोजन गर्नको लागि पालिकालाई आवश्यक सल्लाह र सुझाव दिने।

**ग) अर्को विद्यालयमा समायोजित भइ जाने विद्यालयको भूमिकाः**

कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अर्को विद्यालयमा समायोजित भइ जाने विद्यालयको भुमिका देहाय बमोजिम हुनेछः

१) समायोजित भइ जाने विद्यालयले शिक्षक, अभिभावक, समाजसेवी तथा शिक्षाप्रेमी, जनप्रतिनिधि तथा विद्यालय बालबालिका सहितको सामुहिक भेला गरि विद्यालय समायोजनमा जाने विषयमा छलफल तथा अन्तर्क्रिया गर्ने। यस क्रममा समायोजनमा जानुपर्ने कारण, समायोजनका सकारात्मक पक्ष, समायोजन पश्चात विद्यालयको भौतिक संरचनाको प्रयोगका बारेमा छलफल तथा निर्णय गर्ने।

२) सामुहिक भेलाले गरेको निर्णय समेतका आधारमा विद्यालय व्यवस्थापन समितिले गाभिन जाने विद्यालय र कारण समेत खोली समायोजनमा जाने आधिकारिक निर्णय गर्ने।

३) आफु गाभिन जाने विद्यालयको नाम, ठेगाना तथा विद्यालय गाभ्नका लागि भएको दुवै विद्यालयको आधिकारिक निर्णय विद्यालय र कारण समेत खोली समायोजनमा जाने आधिकारिक निर्णय गर्ने,

४) आफु गाभिन जाने विद्यालयको नाम ठेगाना तथा विद्यालय गाभ्नका लागि भएको दुवै विद्यालयको आधिकारिक निर्णय सहितको जानकारी सम्बन्धित स्थानीय तहमा पेस गरि समायोजका लागि अनुमति माग गर्ने।

५) विद्यालयका सम्पूर्ण अभिलेख नगद तथा जिन्सि खाता र अन्य कागजातहरु समायोजन भएको विद्यालयमा हस्तानान्तरण गर्ने।

६) उपरोक्त बुँदाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरु शिक्षा ऐन, शिक्षा नियमावली, विद्यालय समायोजन कार्यविधि तथा दरबन्दी मिलान कार्यविधि बमोजिम विद्यार्थी सङख्याको अनुपातमा शिक्षक सङख्या नपुगेका विद्यालयहरुलाई शैक्षिक तथ्याङ्क, सामाजिक विकास समिति वा नगरशिक्षा समितिले स्थलगत अनुगमन गरि विद्यालयहरुलाई गाभ्न वा समायोजन गर्न सक्नेछ।

परिच्छेदः५ दरबन्दी

मिलान तथा विद्यालय समायोजन पछि शिक्षक व्यवस्थापन सम्बन्धमाः

१) उपयुक्त बमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक अनुदान कोटा तथा दरबन्दीलाई नगरशिक्षा समितिले पुल दरबन्दीमा राखि शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालय

खटाउदा सबै भन्दा बढी विद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिइ शिक्षक कम भएका विद्यालयहरुमा खटाइनेछ।

२) नगरपालिकालेले विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्दा सबै भन्दा पहिले शिक्षकहरुलाई पुलमा राखि पुनर्वितरणको कार्य गर्नेछ, पुनवितरणको कार्य गर्दा स्वच्छिक रुपमा जान चाहाने शिक्षकको लागि निवेदन आव्हान गरि प्राप्त निवेदनको छानविन गरि उपयुक्तता समेत हेरी स्थानान्तारण गर्ने, तर त्यसरी शिक्षकको स्थानान्तरण गर्दा महिला तथा अपाङ्गता भएका शिक्षकहरुलाई यथाशक्य घरपायक पर्ने गरि स्थानान्तरण गरिनेछ।

३) शिक्षक दरबन्दी कटौती गर्दा सबैभन्दा पहिले अस्थायी करार शिक्षक पदमा रहेका कनिष्टतम शिक्षक र विद्यालयमा नियुक्तिको कनिष्टताका शिक्षक त्यसपछि राहातकोटामा कार्यरत शिक्षक र त्यसपछि स्थायी शिक्षकको कटौती गरि मिलान गर्नेछ।

४) शिक्षा शाखाले नगर शिक्षा समितिको निर्णयानुसार विद्यालयको आवश्यकता दरबन्दीको अवस्था र विद्यार्थी सङख्या हेरी विद्यालयमा खटाउने र स्नाकोत्तर उत्तिर्ण शिक्षकलाई सकेसम्म माध्यामिक सञ्चालित विद्यालयमा पठाउने व्यवस्था गर्ने।

५) दरबन्दी मिलान तथा समायोजन कार्य गर्दा आधारभूत तह कक्षा १-५ मा अधिक हुन आउने शिक्षक दरबन्दीलाई शैक्षिक योग्यता र विषय अनुसार सोही विद्यालयको आधारभूत तह तथा माध्यामिक तहमा गणना गरि समायोजन गर्ने।

६) कुनै विद्यालयको आधारभूत तहमा बढी हुन आएका शिक्षक दरबन्दी आवश्यकता अनुसार दरबन्दी अपुग भएमा अन्य विद्यालयहरुमा समायोजन गर्ने।

७) विद्यालयमा शिक्षक वितरण गर्दा विद्यार्थी सङख्याको आधारमा वितरण गरिनेछ र आवश्यकता अनुसार नगरपालिका भित्र जुनसुकै विद्यालय गएर पनि शिक्षण गर्नुपर्नेछ।

**परिच्छेदः ६ समायोजन भएपछि बन्ने विद्यालय व्यवस्थापनः**

१. दुई वा दुई भन्दा वढी विद्यालयहरु समायोजन भइ एउटै विद्यालयमा गाभिन गएको अवस्थामा समायोजन भए पछि बन्ने विद्यालयको साविकको विद्यालय व्यवस्थापन समितिले नै कार्य गर्नेछ। समायोजन कैकारण नयाँ विद्यालय व्यवस्थापन समिति गठन हुनेछैन।

२. दुइ वा दुई भन्दा बढी विद्यालयहरु समायोजन भइ एउटै विद्यालयमा कायम हुन गएको अवस्थामा समायोजन अघि बनेको विद्यालयको प्रधानाध्यापकले नै प्रधानाध्यापकको जिम्मेवारी निरन्तर रुपमा बहन गर्नेछ।

**परिच्छेदः ७ समायोजन भइ बन्ने विद्यालयको नामाकरण सम्बन्धी व्यवस्थाः**

१. विद्यालय समायोजन भएकै कारण समायोजन पछि बन्ने विद्यालयको साविकको नाम परिवर्तन हुने छैन।

२. समायोजन भइ वन्न जाने विद्यालय व्यवस्थापनले विद्यालयको नाम परिवर्तन गर्न चाहेमा प्रचलित कानुनी न्यवस्था बमोजिम विद्यालयको नाम वरिवर्तन गरिनेछ।

**परिच्छेदः ८ विविध**

१. कार्यविधि संशोधनः यस कार्यविधिलाई आवश्यकता र औचित्यका आधारमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

२. दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्य प्रत्येक वर्ष आवश्यकताका आधारमा निरन्तर गरिनेछ।

३. बचाउः यो कार्यविधि प्रारम्भ हुनु अघि भएका यो सम्बन्धि कार्यहरु यस अनुसार भएको मानिनेछ।

४. बाझिएमा अमान्य हुनेः यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।